एन.एस.डब्ल्यू. स्वास्थ्य

पोलियो खोप

अभिभावक जानकारी पत्र

अष्ट्रेलियाली सरकारले राष्ट्रिय खोप कार्यक्रम (NIP) अन्तर्गत किशोरकिशोरीहरूका लागि केही खोपहरू नि:शुल्क प्रदान गर्दछ।

प्रश्न: पोलियो भनेको के हो?

पोलियो एक भाइरल संक्रमण हो जसले पक्षाघात र मृत्यु निम्त्याउन सक्छ। पोलियो भएका धेरैजसो मानिसहरूमा कुनै लक्षण देखिदैन। लगभग १०% लाई ज्वरो आउँने, टाउको दुख्ने, थकान लाग्ने, वाकवाकी र बान्ता हुने गर्छ, तर सामान्यतया तिनीहरू निको हुन्छन्।

लगभग २% घटनाहरूमा, भाइरसले मांसपेशीमा गम्भीर दुखाइ र ढाड वा घाँटी चलाउन गाह्रो हुन सक्छ। १% भन्दा कममा पक्षाघात हुन्छ, जसले हात, खुट्टा, घाँटी वा श्वासप्रश्वासका मांसपेशीहरूलाई असर गर्न सक्छ।

प्रश्न: पोलियो कसरी फैलिन्छ?

पोलियो संक्रमित व्यक्तिको दिसापिसाब वा च्यालको साना कणको सम्पर्कबाट फैलिन्छ। हात राम्ररी धोइएन भने यो हुन सक्छ।

भाइरस नाक वा मुखबाट प्रवेश गर्छ, आन्द्रामा संक्रमण गर्छ, र रगत र स्नायु प्रणालीमा फैलिन सक्छ। लक्षणहरू देखिनुभन्दा १० दिन अघिदेखि लक्षणहरू देखा परेको १० दिन पछिसम्म पोलियो भएका व्यक्तिहरू सबैभन्दा संक्रामक हुन्छन्।

प्रश्न: खोपहरूले कसरी काम गर्छन्?

खोपहरूले तपाईंको प्रतिरक्षा प्रणालीलाई संक्रमणसँग लड्न मद्दत गर्छन्। यदि खोप लगाएको व्यक्ति भाइरसको सम्पर्कमा आएमा, उसको शरीरले रोग बिरुद्ध राम्रोसँग लड्न सक्छ वा यसलाई कम गम्भीर बनाउँन सक्छ।

प्रश्न: पोलियो खोप कत्तिको प्रभावकारी छ?

रोग रोक्न पोलियो खोपको पूर्ण मात्रा (३ खुराक) ९९% प्रभावकारी छ।

प्रश्न: कसले खोप लगाउनु पर्छ?

पोलियो खोपको तीन खुराक नलिएका किशोरकिशोरीहरूले खोप लगाउनु पर्छ।

प्रश्न: कसले खोप लगाउनु हुँदैन?

निम्न व्यक्तिहरूले खोप नलगाउनु होला:

- **अघिल्लो खुराक लिँदा गम्भीर एलर्जीको असर (एनाफिल्याक्सिस) देखिएका व्यक्ति**
- **खोपमा भएका कुनै तत्वप्रति गम्भीर एलर्जीको असर देखिएका व्यक्ति।**

प्रश्न: एनाफिल्याक्सिस भनेको के हो?

एनाफिल्याक्सिस एक धेरै दुर्लभ तर गम्भीर एलर्जी सम्बन्धी असर हो। यदि छिटो उपचार गरिएन भने यसको कारण बेहोस हुन वा मृत्यु हुन सक्छ। खोप प्रदायकहरू एनाफिल्याक्सिस व्यवस्थापन गर्न तालिम प्राप्त हुन्छन्।

प्रश्न: यदि मेरो बच्चालाई पोलियो खोप लगाइएको थियो भन्ने कुरा मलाई थाहा भएन भने के हुन्छ?

यदि तपाईंसँग अभिलेख छैन भने पनि, तपाईंको बच्चालाई सुरक्षित रूपमा खोप लगाउन सकिन्छ।

प्रश्न: पोलियो खोपमा के के हुन्छ?

खोपमा थोरै मात्रामा निम्न चीजहरू हुन्छन्:

- **फेनोक्सिएथानोल, फर्मल्डिहाइड, र पोलिसोरबेट ८०**
- **नियोमाइसिन, स्ट्रेप्टोमाइसिन, र पोलिमिक्सिन 'बी'**
- **गाईवस्तुको सीरम एल्बुमिन।**

यी सामग्रीहरूले खोपलाई सक्रिय वा सुरक्षित राख्न मद्दत गर्छन्। उत्पादनको क्रममा यो गाईवस्तुबाट उत्पन्न सामग्रीको सम्पर्कमा पनि आएको थियो।

प्रश्न: खोपहरू कति सुरक्षित छन्?

अष्ट्रेलियामा खोपहरू धेरै सुरक्षित छन्। थेराप्युटिक गुड्स एडमिनिस्ट्रेशन (TGA) बाट अनुमोदन हुनु अघि निकै कडा सुरक्षा जाँचहरू पास गर्नुपर्छ। TGA ले प्रयोग पछि पनि खोप सुरक्षाको निगरानी गर्दछ।

प्रश्न: पोलियो खोपका साइड इफेक्टहरु के के हुन्?

साइड इफेक्टहरू सामान्यतया हल्का हुन्छन् र निम्न हुन सक्छ:

- **खोप लगाइएको ठाउँमा दुख्ने, रातो हुने, वा सुन्निने**
- **ज्वरो आउँने।**

गम्भीर साइड इफेक्टहरू विरलै हुन्छन्।

थप जानकारीको लागि, health.nsw.gov.au/schoolvaccination मा उपभोक्तालाई औषधि सम्बन्धी जानकारी (CMI) हेर्नुहोस्। यदि तपाईं साइड इफेक्टको बारेमा चिन्तित हुनुहुन्छ भने, आफ्नो जी.पी. लाई सम्पर्क गर्नुहोस्।